
के तपाईको घर
पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । १००% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क २०० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ साउन १७ गते बिहीबार ❑ 1 Aug 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५ ।-


## सञ्चार क्षेत्रमा राससले नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्छ : सञ्चार मन्त्री गुरुङ

**रासस**
काठमाडौं, १६ साउन



सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले समाचार विषयवस्तु उत्पादनका क्षेत्रमा राष्ट्रिय समाचार समिति (रासस)ले नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्ने बताउनुभएको छ ।

मन्त्रालयको जिम्मेवारी सम्हालेपछि बुधबार रासस केन्द्रीय कार्यालय भद्रकालीमा 'ब्रिफिङ' लिँदै उहाँले समाचारका क्षेत्रमा राससलाई 'गुरु' संस्थाका रूपमा विकास गर्न आग्रह गर्नुभयो । "सबै सञ्चार माध्यमको अभिभावक रासस बन्नुपर्छ, समाचारको स्रोत रासस हुनुपर्छ, यसको सेवालाई प्रभावकारी बनाएर लैजानुपर्छ", मन्त्री गुरुङले भन्नुभयो, "राजनीतिक प्रभावबाट मुक्त पारेर राससलाई आस्थाको केन्द्र बनाउनुपर्छ ।" परम्परागत कार्यशैली परिवर्तन गरेर परिणाममुखी काममा केन्द्रित हुन निर्देशन दिँदै मन्त्री गुरुङ्ले देश र जनताको पक्षमा सकारात्मक नतिजा दिने आफ्नो योजनामा दृढ भएर अघि बढ्न आग्रह गर्नुभयो । "अब यथास्थितिमा रहनु हुँदैन, शैली र व्यवहार बदल्नुपर्छ, म यथास्थितिलाई बदल्न आएको छु, परिवर्तनमा राससले सहयोग गर्नुपर्छ, हाम्रा पालामा राससलाई भिन्न बनाऔँ", मन्त्री गुरुङले भन्नुभयो । सरकारका संयन्त्रलाई बलियो बनाएर लैजानुपर्ने धारणा व्यक्त गर्दै मन्त्री गुरुङले सरकारी संस्थामा संरचनात्मक सुधारको आवश्यकता औँल्याउनुभयो । राससको ऐनलाई समयानुकूल परिमार्जन गर्नुपर्छ भन्दै उहाँले सञ्चारसम्बन्धी कानुन परिमार्जन आफ्नो प्राथमिकतामा रहेको बताउनुभयो । "राससको ऐन संशोधनका लागि तयारी गर्नुस्, मन्त्रालयले सहयोग गर्छ", उहाँले भन्नुभयो ।

सेवा प्रवाह र सुशासनका क्षेत्रमा तत्काल थप सुधार थाल्न निर्देशन दिँदै मन्त्री गुरुङले सुधारका प्रयासमा सधैँ आफ्नो साथ र सहयोग रहने विश्वास दिलाउनुभयो । राससको नेतृत्वले अवसरलाई परिणाममा रुपान्तरण गर्नुपर्नेमा जोड दिँदै उहाँले प्राप्त जिम्मेवारीलाई इमान्दारितापूर्वक सम्पादन गर्न निर्देशन दिनुभयो । "राससलाई आकर्षणको केन्द्र बनाउनुपर्छ, यसमा कर्मचारीको हातेमालो आवश्यक छ", मन्त्री गुरुङले भन्नुभयो, "मेहनत गर्नेले नै सफलता प्राप्त गर्छ, पदमा रहुञ्जेल इमान र मेहनतका साथ असल काम गर्नुपर्छ ।"

## गण्डकी प्रदेश सरकारलाई दीर्घकालीन असर पर्ने निर्णय नलिन एमालेको आग्रह

**पोखरापत्र संवाददाता**
पोखरा, १६ साउन

नेपाल कम्युनिष्ट पार्टी (एमाले) गण्डकी प्रदेश कमिटीले गण्डकी प्रदेश सरकारलाई दीर्घकालीन असर पर्ने निर्णय नलिन आग्रह गरेको छ ।

एमाले गण्डकीका सचिव धनञ्जय दवाडीले आज विज्ञप्ति निकालेर प्रदेश सरकारमा एमालेको संलग्नता नभइ दीर्घकालीन असर पुग्ने निर्णय गरिएकोमा ध्यानाकर्षण भएको जनाउनुभयो । एमालेले दुई दलका बीचमा छलफल, समन्वय र सहकार्यका आधारमा मात्रै आगामी दिनमा सरकार सञ्चालन हुने हुँदा सहमति विपरीत दीर्घकालीन असर पर्ने निर्णय नलिन आग्रह गरेको हो ।

केन्द्रीय राजनीतिमा भएको छलफल र सहमतिलाई कार्यान्वयन गर्न प्रदेशस्तरमा दलहरुबीच समन्वय भई प्रदेशका सरकार गठन, पुनःगठन भइरहेका बेला एकपक्षीय रूपमा गतिविधि भएको विज्ञप्तिमा जनाइएको छ ।

नेपाली कांग्रेसका नेता सुरेन्द्रराज पाण्डेको नेतृत्वमा गठन भएको प्रदेश सरकारमा कांग्रेससहित नेपाल समाजवादी पार्टीका फडिन्द्र देवकोटा र स्वतन्त्र सांसद राजीव गुरुङ मन्त्री हुनुहुन्छ ।

केन्द्रमा सत्तासमीकरण परिर्वतन भएर नेपाली कांग्रेस र एमालेको संयुक्त सरकार बने पनि गण्डकी प्रदेश सरकार एमाले सहभागी भएको छैन ।

## कास्कीको विकासका लागि काँग्रेस टोली राजधानी प्रस्थान

**पोखरापत्र संवाददाता**
पोखरा, १६ साउन

नेपाली काँग्रेस कास्कीको एक टोली बुधवार संघिय मन्त्रलाय प्रस्थान गरेको छ ।

समग्र कास्कीको विकासका वारेमा संघीय मन्त्रलायमा ध्यानकर्षण गराउने उद्देश्यका साथ नेपाली काँग्रेसका नेता, पोखराका पर्यटन व्यवसायी, उद्योग व्यवसायी सहितको टोली राज प्रस्थान गरेको हो ।

टोलीमा नेपाली काँग्रेस कास्कीका सभापति किशोरदत्त बराल, गण्डकी प्रदेशका कार्यवहाक मुख्यमन्त्री विन्दुकुमार थापा, केन्द्रीय सदस्य शारदा पौडेल, पूर्व सभापति सोभियत बहादुर अधिकारी, सचिव देवेन्द्र रानाभाट, सहसचिव नविन सिग्देल, नेपाल उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष आनन्दराज मुल्ली जनप्रतिनिधि प्रकाश कोइराला, प्रकाश कार्की, शुशिल वास्तोला युवा नेता सुरेन्द्रवावु तिवारीलागयत पोखराका पर्यटन व्यवसायी, उद्योग व्यवसायीको सहभागिता रहेको छ । कास्कीका नागरिकका आवाज र आवश्यकलाई सम्वोधन गराउनका लागि प्रधानमन्त्री सँगै संघीय मन्त्रालयमा ध्यानकर्षण गराउने कार्यक्रम रहेको छ । कास्कीको पर्यटन, स्वास्थ्य, शिक्षा, कृषि लागएका समग्र विकासकोका विषयमा केन्द्रीय रहेकर सम्वन्धित मन्त्रालयमा ध्याकर्षण गराउने कार्यक्रम रहेको नेपाली काँग्रेस कास्कीका सभापति किशोरदत्त बरालले जानकारी दिनुभयो । 'पोखरमा अन्तर्राष्ट्रिय विमानास्थल त वन्यो तर अहिले सम्म पोखरमा बाट नियमित अन्तर्राष्ट्रिय उडान हुन सकेको छैन यो विषय मुख्य रुपमा उठान गर्ने छौ' सभपाति बरालले भन्नुभयो, 'परराष्ट्र मन्त्रालय मार्फत कुटनितिक पहल गरि पोखराबाट नियमिति उडान भर्नकालागि परराष्ट्र मन्त्रीलाई ध्यानकार्षण गराउने छौ ।'

फेवातालको मापदण्ड र यसको सौन्द्धर्यता, शुशासन, स्वास्थ्य, कृषि, शिक्षासगै विकासका वारेमा सम्वन्धित मन्त्रालयमा ध्यानाकर्षण सहित छलफल गरीने नेपाली काँग्रेस कास्कीका सहचिव नविन सिग्देलले जानकारी दिनुभयो । विहिवार प्रधानमन्त्री, संघीय मन्त्रलायका सम्वन्धित मन्त्रीलाई मन्त्रलायमा भेटेर ध्यानाकर्षण गराउने कार्यक्रम तय भएको छ ।

## लाखे नाच प्रतियोगितामा २० वटा समूहले प्रतिस्पर्धा गर्ने

**पोखरापत्र संवाददाता**
पोखरा, १६ साउन

नेवाः खलः कचा पृथ्वीचोकको आयोजनामा यही साउन २६ गते हुने लाखे नाच प्रतियोगितामा कास्कीका २० वटा समूहले प्रतिस्पर्धा गर्ने भएका छन् ।

पोखरामा बुधबार आयोजित पत्रकार सम्मेलनमा नेवाः खलः कचा पृथ्वीचोकका अध्यक्ष रेशमबाबु श्रेष्ठले यस वर्ष २३ समूहको सहभागिता हुने र २० समूहले प्रतिस्पर्धामा भाग लिने जानकारी दिनुभयो । पोखरा प्रदर्शनी केन्द्रमा हुने प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुनेलाई क्रमशः रु ५५ हजार पाँच सय ५५, रु ३३ हजार तीन सय ३३, रु २२ हजार दुई सय २२ र रु ११ हजार एक सय ११ नगदसहित पुरस्कृत गरिने प्रतियोगिताका संयोजक रेशमप्रसाद श्रेष्ठले बताउनुभयो ।

कार्यक्रममा दश हजार दर्शकको उपस्थिति रहने अनुमान गरिएको छ । नेवा खलः कास्कीका अध्यक्ष अशोक पालिखेले नेवाः सस्कार संस्कृति र परम्परा संरक्षण तथा पुस्तान्तरणका लागि नेवाः खलः कास्कीले विभिन्न कार्यक्रम गरिरहेको बताउनुभयो ।

गतवर्ष नेवा खलः कास्की तथा नेवा समुदायसँग सम्बन्धित सङ्घसंस्थाले पोखरामा २३ वर्षपछि बाघ जात्रा निकालेका थिए ।

## पेट्रोलिम पदार्थको मूल्य घट्यो

**रासस**
काठमाडौ, १६ साउन

नेपाल आयल निगमले पेट्रोलिम पदार्थको मूल्य घटाएको छ । बुधबार निगमले एक प्रेस विज्ञप्ति जारी गर्दै बिहीबारदेखि लागू हुनेगरी पेट्रोलिम पदार्थको मूल्य घटाइएको जानकारी दिएको छ ।

निगमका अनुसार साविकको खुद्रा बिक्री मूल्यमा पेट्रोलमा प्रतिलिटर एक रुपैयाँ, डिजेल र मट्टितेलमा दुई रुपैयाँ घटाइएको र हवाई इन्धनको मूल्य भने यथावत कायम राखिएको छ । यसअघि पहिलो वर्गको पेट्रोलको मूल्य एक सय ६८ रहेकामा अहिले मूल्य घटेर एक सय ६७ कायम गरिएको छ । यसैगरी दोस्रो वर्गको एक सय ७० मूल्य रहेकामा घटेर एक सय ६९ पुगेको छ भने तेस्रो वर्गको पेट्रोलको मूल्य एक सय ७१ रहेकामा घटेर एक सय ७० रहेको निगमले जानकारी दिएको छ । डिजेल र मट्टितेलको पनि पहिलो वर्गको एक सय ५७ रहेकामा घटेर एक सय ५५ पुगेको छ । यसैगरी दोस्रो वर्गको एक सय ५९ रहेकामा घटेर एक सय ५७ पुगेको छ भने तेस्रो वर्गको एक सय ६० रहेकामा घटेर एक सय ५८ पुगेको निगमले जानकारी दिएको छ । निमगका अनुसार पहिलो वर्गअन्तर्गत चारआली, विराटनगर, जनकपुर, अमलेखगञ्ज, भलबारी, नेपालगञ्ज, धनगढी र वीरगञ्ज रहेका छन् । दोस्रो वर्गअन्तर्गत सुर्खेत र दाङ रहेका छन् भने तेस्रो वर्गअन्तर्गत पोखरा, काठमाडौँ, दिपायल रहेका छन् ।

## निर्वाचनलाई अपाङ्गतामैत्री बनाऊ, "बौद्धिक अपाङ्गताको डिग्रीको अवमूल्यन नगर"

**पोखरापत्र संवाददाता**
पोखरा, १६ साउन


नेपालको राजनीतिक वृत्तमा 'जसको सवाल, उसको नेतृत्व' सिद्धान्तको बर्खीलाप भएकोमा एक समारोहका वक्ताले चिन्ता व्यक्त गरेका छन् ।

नेत्रहिन युवा संघ नेपाल कास्कीको आयोजनामा बुधबार पोखरामा सम्पन्न अपाङ्गता भएका व्यक्तिको राजनीतिक तथा सावर्जनिक जीवनमा सहभागिता र प्रतिनिधित्वको अधिकार विषयमा पत्रकार सम्मेलन आयोजना गरी सरोकारवालाले उक्त धारणा राखेका छन् । नेत्रहिन संघ नेपालका नागरिक आवद्धता एवम् राजनैतिक सहभागिता कार्यक्रमका, कार्यक्रम अधिकृत जीवन आचार्यले फरक क्षमता भएका व्यक्तिका लागि राज्यमा सिर्जित अवरोधप्रति चिन्ता र आक्रोश एकैसाथ व्यक्त गरे ।

आचार्यले भने- 'बौद्धिक अपाङ्गता भएका व्यक्तिको डिग्री फरक हुन्छ भन्ने कुराको ज्ञान आजको नेतृत्वमा नहुँदा क्षमता भएकाहरू पनि उपेक्षित जीवन बाँचिरहेका छन् ।' आचार्यले थपे, वर्तमानमा जसरी अपाङ्गताका प्रकार वर्गीकरण गरिएको छ, त्यस्तै गरेर ती सबैमा चेतनाको डिग्रीमा पनि विविधता छ भन्ने राज्य सञ्चालकमा चेतना हुन आवश्यक छ । 'अपाङ्गता भएकाहरुका लागि निर्वाचन सहभागितामा समस्या छ, प्रचारप्रसार सामग्रीमा समस्या छ' संघद्वारा जारी विज्ञप्तिमा उल्लेख छ । देशभरका स्थानीय तहमा जम्मा ४० जना अपाङ्गता भएका व्यक्तिको सहभागिता हुनु, संघ, प्रदेश र केन्द्रमा समावेशिताको सिद्धान्तनुसार अल्पसंख्यक र अपाङ्गता भएकाको क्लष्टरबाट सहभागिताको संवैधानिक व्यवस्थाबारे कानूनले व्यवस्था गरे तापनि व्यवहारमा बेवास्ता गरिनु दुखद् छ विज्ञप्तिमा भनिएको छ । अपाङ्गता भएकालाई भौतिक अवरोध, सूचना तथा सञ्चार अवरोध, संस्थागत अवरोध, दृष्टिकोणजन्य अवरोधले आजको गणतन्त्रात्मक लोकतान्त्रिक राज्यलाई उपहास गरेका संघका शाखा अध्यक्ष शेरजङ्ग गुरुङले बताए । संघले मौजुदा निर्वाचनसम्बन्धी कानूनमा देखिएका समस्या न्यूनिकरणका लागि निर्वाचन ऐन २०७४ को दफा १३ को (ञ) मा उल्लेख भएको 'मानसिक सन्तुलन ठीक नभएको' भन्ने वाक्यांशमा संशोधन, निर्वाचनमा भाग लिने र निर्वाचित हुने आधारभूत अधिकारप्रतिको अधिकार अन्तर ीष्ट्रिय मानवअधिकार अनुकूल बनाउन, निर्वाचनसम्बन्धि नीति तयार गर्दा, कार्यक्रम सञ्चालन गर्दा, कर्मचारी खटाउँदा, अनुगमन, पर्यवेक्षण गराउँदा समावेशी सिद्धान्त अवलम्बन गराउन सातवटा बुँदामा आफ्ना मागसमेत प्रस्तुत गरेको छ ।

यस्तै, संस्थाले वर्तमानमा दुई तिहाइको सरकारसँग अपाङ्गता भएकाहरूले राजनीतिक तथा सार्वजनिक जीवनमा भोग्नु परेका समस्या न्यूनीकरणका लागि इलेक्ट्रोनिक भोटिङ्गको व्यवस्था गर्न, प्रचारसामग्रीलाई अपाङ्गमैत्री बनाउन, मतदानका लागि सार्वजनिक तथा भौतिक संरचना अपाङ्गमैत्री बनाउन, अपाङ्गता भएकालाई छुट्टै क्लष्टरको व्यवस्था गर्न जोडदार माग गरेको छ । यस्तै संघले राजनीतिक दल तथा तिनका भात्रसंगठनलाई १३ बुँदे मागसहित सरकारको ध्यानाकर्षणसमेत विज्ञप्तिमार्फत् गराएका छन् ।

आयोजकले अन्तिममा थपेँ, '२०६२/०६३ को जनआन्दोलन आन्दोलनरत पार्टीका कारणमात्र सफल भएको होइन, राज्यको चौंथो अंग मानिएको सञ्चारको ठूलो भूमिका छ । क्षमता भएर पनि दबाइएका अपाङ्गता भएका व्यक्तिका जीवनमा सिर्जित यी कानूनी बाधा र खडा गरिएका समस्याको निराकरणमा सञ्चार जगत्को कलम तथा सञ्चारकर्मीको विवेकको उचित उपयोग होस् ।'

# बबि ब्यूटी सैलुनद्वारा विद्यार्थीलाई छात्रवृत्ति तथा दिवा खाजा वितरण

**पोखरापत्र संवाददाता**
पोखरा, १६ साउन



पोखरा १० बुद्धचोकमा रहेको बबि ब्यूटी सैलुन एण्ड ट्रेनिङ सेन्टरले आफ्नो ११ औं वार्षिकोत्सवको अवसर पारी कुँडहर आधारभुत विद्यालयमा छात्रवृत्ति र दिवा खाजा प्रदान गरेको छ।

वार्षिकोत्सवको अवसर पारी पोखरा १० कुँडहरमा रहेको कुँडहर आधारभुत विद्यालयमा अध्ययनरत १४ जना विद्यार्थी लाई छात्रवृत्ति र विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई दिवा खाजा प्रदान गरेको हो । छात्रवृत्ति वितरण कार्यक्रममा वोल्दै विद्यालयका प्रध्यानाध्यापक नन्द किशोर बरालले कुँडहर आधारभुत विद्यालयमा अध्ययनरत विद्यार्थीहरु मध्ये जेहेन्दार र आर्थिक विपन्न भएका विद्यार्थीहरुलाई लक्षित गरी छात्रवृत्ति प्रदान गर्नुका साथै दिवा खाजा प्रदान गरेकोमा आभार प्रकट गरे । त्यसैगरी विद्यालयको स्तरोन्नतीका लागि प्रत्येक वर्ष तिहारको अवसरमा देउसीभैलो कार्यक्रम मार्फत आथिक संकलन गर्दै आइरहेको र आगामी वर्षमा आयोजना हुने देउसीभैलो कार्यक्रममा समेत बबि ब्यूटीपार्लरको तर्फबाट सहयोगको अपेक्षा राखे । त्यसैगरी विद्यालय ब्यवस्थापन समितिका अध्यक्ष अनिता तिमिल्सिनाले सरकारी विद्यालयहरु सञ्चालन गर्न गाह्रो रहेको वताउदै विभिन्न ब्याक्ति तथा संघ संस्थाको सहयोगबाटनै सरकारी विद्यालयहरु सञ्चालनका लागि सहयोग पुगेको वताए । सरकारले विद्यालयलाई आवश्यक पर्ने कुनैपनि सामाग्रीहरु प्रदान नगरेकै कारणपनि सरकारी विद्यालयमा अध्ययनरत विद्यार्थीहरुले निजी विद्यालयमा जसरी सिकाइमा प्रभावकारी ढंगले अगाडी वढ्न नसकेको उनको भनाइ रहेको थियो । बबि ब्यूटी सैलुनका सञ्चालक वविता केसी कार्कीले स्थापना कालदेखीनै वार्षिकोत्सवको अवसर पारी विभिन्न सामाजिक काम गर्दै आइरहदा यो पटक सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई पढाइमा केही सहयोग पुगोस भन्ने अभिप्रायले कुँडहर विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई लक्षित गरी छात्रवृत्तिका साथै दिवा खाजा प्रदान गरिएको वताए । आगामी दिनमा पनि यस्ता सामाजिक कामलाई निरन्तरता दिने उनको भनाइ रहेको थियो । सो अवसरमा पोखरा महानगरपालिका वडा नं १० का वडा सदस्य नरदेवी गुरुङ, बबि ब्यूटी सैलुनका म्यानेजर सन्तोष कार्की, विद्यालयका शिक्षक प्रतिनिधि टेक बहादुर थापा, शिक्षक अभिभावक संघका सदस्य रितु केसी लगायतको सहभागीता रहेको थियो। बबि ब्यूटी सैलुनले वार्षिकोत्सवको अवसर पारि अघिल्ला वर्षहरुमा जस्तै यो वर्षपनि पोखरा महानगरपालिकाका वडाहरुले सिफारिसको आधारमा निशुल्क ब्यूटिसियन तालिम प्रदान गर्ने सैलुनका म्यानेजर तथा ब्यूटीसियन सुमित्रा केसीले जानकारी दिए। त्यस्तै वार्षिकोत्सवको अवसर पारी ब्यूटीपार्लरबाट हुने हरेक सेवामा विशेष छुट प्रदान गरिने छ।

# विपन्न परिवारलाई नगरपालिकाको घर उपहार

**पोखरापत्र संवाददाता**
वालिङ, १६ साउन



चापाकोट नगरपालिकाले नगर क्षेत्रका विपन्न छ परिवारलाई उपहारस्वरुप घर निर्माण गरिदिएको छ।

चापाकोट-१० भुमरीघाटकी माया भट्टराई र सोही पालिका-४ घुर्लीचौरका केशबहादुर दमैको परिवारलगायत विपन्न परिवारलाई ती घर मुङ्गलबार हस्तान्तरण गरिएको हो।

चापाकोट नगरपालिकाको विपन्न नागरिक आवास पुनःस्थापन कार्यक्रम र प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि विनियोजन भएको रकमबाट दुईकोठे घर निर्माणपश्चात् हस्तान्तरण गरिएको नगरप्रमुख देवबहादुर खाणले बताउनुभयो।

“घर निर्माण गर्न आफ्नो नामको लालपुर्जा भएको जग्गा उपलब्ध गरायौं”, केशबहादुरले भन्नुभयो, “नगरपालिकाले आर्थिक सहयोग गरेर दुई कोठे घर बनाईदियो र अहिले त्यही नयाँ घरमा बस्न थालेका छौं।”

गत आर्थिक वर्षदेखि सुरु भएको ‘विपन्न परिवारसँग नगरप्रमुख’ अभियानलाई निरन्तरता दिँदै घर निर्माण गर्ने तयारीमा रहेको छ। प्रतिघर रु दुई लाख ८० हजारका दरले रु १६ लाख ८० हजारको लागतमा छवटा घर निर्माण गरी हस्तान्तरण गरिएको नगरप्रमुख खाणले बताउनुभयो । नगरपालिकाका वडा नं १ र ७ मा एक-एक घर तथा वडा नं ४ र १० मा दुई-दुई घर निर्माणपश्चात् हस्तान्तरण गरिएको हो।

# शितल ज्योति क्लवको अध्यक्षमा पुनः नर प्रसाद गुरूङ

**पोखरापत्र संवाददाता**
पोखरा, १६ साउन




शितल ज्योति युवा क्लव पोखरा १२ को दशौ वार्षिक साधारणसभा तथा चौथो अधिवेशनले पुनः नर प्रसाद गुरूङको अध्यक्षतामा नया कार्यसमिति सर्वसम्मत चयन गरेको छ।

क्लवको प्रथम उपाध्यक्षमा राजकुमार गुरूङ द्वितिय उपाध्यक्षमा मिन प्रसाद गुरूङ सचिवमा पुर्ण वहादुर गुरुङ सह-सचिवमा विमला गुरुङ कोषाध्यक्षमा पुर्ण प्रसाद गुरुङ सह-कोषाध्यक्षमा नविन गुरूङ सर्वसम्मत चयन भएका छन् भने सदस्यहरुमा जुम वहादुर गुरूङ,अर्जुन गुरूङ, शशि मल्ल,सुनिल गुरूङ,दिपेन्द्र श्रेष्ठ,सोमगुरूङ,रहेका छन्। क्लवको मनोनीत सदस्यहरूमा पंच वहादुर गुरूङ,निरज गुरूङ,लक्ष्मण गुरूङ,निकिता गुरूङ,एलि गुरूङ,सन्दिप गुरूङ,सुमन कोइराला,विजय कार्की रहेका छन् । क्रियासील सदस्यहरुमा पुर्ण वहादुर गुरुङ, प्रतिकमान गुरुङ, अविनाश गुरुङ, सितल परियार रहेका छन्। अधिवेशनको उदघाट्न गर्दै प्रमुख अतिथि पोखरा महानगरपालिका १२ का वडा अध्यक्ष सन्तोष वास्तोलाले शितल ज्योति क्लव पोखराको एक उत्कृष्ट काम गर्ने सामाजिक संस्था भएकाले क्लवले गर्ने कुनैपनि काममा पोखरा महानगरपालिका १२ ले सहकार्य गरेर अगाडि बढ्ने बताउदै क्लवको लागी जमिन तथा भवन उपलब्ध गराउन आफ्नो तर्फबाट सक्दो सयोग रहने प्रतिवद्दता प्रकट गरे । कार्यक्रममा क्लवका आजिवन संरक्षक टिका वहादुर कार्की क्लवले रचनात्मक कामहरू गर्दे जानुपर्ने बताए। कार्यक्रममा क्लवका वरिष्ठ सल्लाहकार डा. अनिल सुवेदीले शितल ज्योति युवा क्लव पोखराको उत्कृष्ट क्लव रहेको वताउदै अज उत्कृष्ट कामहरु गर्द्दै जानु पर्ने वताए। कार्यक्रममा क्लवका संस्थापक अध्यक्ष ऋिषभदेवबास्तोलासल्लाहकारहरु गज वहादुर गुरूङ, कृष्ण बहादुर गुरूङ भिगु नेवाखलका वरिष्ठ उपाध्यक्ष मायादेवी तझ्या समाजसेवी शान्तकुमार श्रेष्ठ सितलादेवी मन्दिर सेवा समितिका अध्यक्ष मिनकाजी कार्की लगाएतले मन्तब्य राखेका थिए । क्लवको साधारणसभा तथा अधिवेशनमा अध्यक्ष नर प्रसाद गुरुङले अध्यक्षको प्रतिवेदन सचिव पुर्ण गुरुङले सचिवको प्रतिवेदन तथा कोषाध्यक्ष सुवाष गुरूङले कोषाध्यक्षको प्रतिवेदन प्रस्तुत गरेकोमा सर्वसम्मत पारित गरिएको थियो। क्लवका अध्यक्ष नर प्रसाद गुरुङको अध्यक्षतामा भएको उक्त कार्यक्रममा स्वागत मन्तब्य उपाध्यक्ष मिन प्रसाद गुरूङले गरेका थिए भने कार्यक्रम सन्चालन सचिव पुर्ण वहादुर गुरूङले गरेका थिए।

## सर्पले डसेमा ध्यान दिनुपर्ने कुराहरू

◆ सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सन्त्वना दिऔं,
◆ आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं।
◆ सर्पले डसेका व्यक्तिहरुलाई तुरुन्त अस्पताल वा सर्पदंस उपचार केन्द्र पुर्‍याऔं,
◆ सवारी साधानमा घाइतेलाई बसाएर सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं,
◆ झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# न्युरो आर्ट नेपाल तथा बि जि हस्पिटको आयोजनामा आर्ट प्रतियोगिता सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, १६ साउन



न्युरो आर्ट नेपाल तथा बि जि हस्पिटल एण्ड रिसर्च सेन्टर पोखराको संयुक्त आयोजनमा न्युरो आर्ट प्रतियोगिता सम्पन्न भएको छ।

बि जि हस्पिटमा उपचाररत बिरामीहरु र हस्पिटल स्टाफहरुलाई केन्द्रित गरि आयोजन गरिएको सो आर्ट प्रतियोगितामा उपचारत तर्फ सिम्रन मल्ल प्रथम, सुप्रिया जयसवाल द्वितीय र सर्मिला मगर तृतीय भएका छन् भने थप तिन जनाले सान्त्वना पुरस्कार प्राप्त गर्न सफल भएका छन् । त्यस्तै प्रतियोगितामा स्टाफ तर्फ सुरक्षा सार्की प्रथम,आस्मा गुरुङ द्वितीय र तेजिना गुरुङ तृतीय भएका छन् भने स्टाप तर्फ पनि तीन जना कर्मचारीले सान्त्वना पुरस्कार प्राप्त गरेका छन्।


न्यूरो आर्ट नेपालका अध्यक्ष हरेराम जोजीको अध्यक्षतामा आयोजित कार्यक्रममा प्रतियोगिताको नतिजा घोषणा गरी विजेताहरुलाई पुरस्कृत गरिएको थियो। कार्यक्रममा अध्यक्ष हरेराम जोजी , उपाध्यक्ष प्रा डा निर्मल लामिछाने, हस्पिटल इन्चार्ज अनिता खड्काले बिजेताहरुलाई खादा लगाई प्रमाण पत्र सहित नगद पुरस्कार प्रदान गर्नु भयो । कार्यक्रममा बोल्दै अध्यक्ष जोजीले न्युरो आर्ट, नेपालमा भरखर मात्र शुरूवात भएता पनि अन्तराष्ट्रिय स्तरमा यो आर्ट धैरै पहिलेदेखि नै स्थापित भइसकेको र यो आर्ट, आर्ट मध्येकै अति विशिष्ट आर्ट हो भन्नु भयो । त्यस्तै कार्यक्रमा बोल्दै उपाध्यक्ष प्रा डा निर्मल लामिछानेले न्यूरो आर्ट स्वस्थ जीवनका लागि अतिनै प्रभावशाली भएकोले यसलाई नेपालमा स्थापित गरि जनसमुदायका हितमा निरन्तर कार्यक्रमहरु आयोजन गर्नु पर्नेमा जोड दिनुभयो । न्युरो आर्ट नेपालका महासचिव राम प्रसाद पौडेलको संचालन रहेको सो कार्यक्रममा नान आवद्ध सदस्यहरु सहित हस्पिटल परिवार तथा स्थानीय जन समुदायको बाक्लो उपस्थिति रहेको थियो। २०७९ मा स्थापित न्युरो आर्ट नेपालले चरणवद्ध रुपमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कार्यशालाहरु आयोजन गर्दै आर्ट प्रदर्शनीसंगै जनसमुदाय र नवोदित प्रतिभाहरुका लागि विभिन्न प्रतियोगिताहरु आयोजन गर्दै आईरहेको छ।

## कपालको उपचार

कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाइसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने :
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने :
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

## सम्पादकीय

# सहमति कार्यान्वयनमा जाऊ

गण्डकी प्रदेशका भौतिक पुर्वाधार तथा यातायात मन्त्री राजीव गुरुङका पत्रकारलाई कुट्नु पर्ने अभिव्यक्ति र मन्त्री पदका आचारसंहिता विपरीतका क्रियाकलापले सरकारलाई गिज्याएको छ।सरकार जोगाउन मुख्यमन्त्री सुरेन्द्र पाण्डेले गरेका निर्णयले एकपछि अर्को विवाद निम्त्याएको छ।सरकारको स्थायित्व र राजनीतिक स्थिरताका लागि दुई ठूला दल मिलेर सरकार चलाएका छन । प्रदेशमा पनि त्यसै गरि सरकार चलाउने सहमति दुवै पार्टीका केन्द्रीय समितिले निर्णय गरेका छन । सरकार टिकाउन र सरकारमा सहभागी हुन गरिने अनावश्यक चलखेल र वार्गेनिङ रोक्न काङ्ग्रेस र एमालेले सहमतिका आधारमा सरकार चलाउने निर्णय कार्यान्वयनमा आइसकेको छ । केही प्रदेशमा प्रक्रिया पुऱ्याउने क्रममा छन।सबैभन्दा सजिलोसँग काङ्ग्रेस र एमाले मिलेर सरकार चलाउँदा दुई तिहाइभन्दा भन्दा बढीको सांसद संख्या छ। प्रदेश सरकारमा देखिएको विकृति र सरकार बनाउन र टिकाउन भएका दुर्गन्धित व्यवहार रोकेर असल अभ्यास देखाउन पाउने गण्डकी प्रदेश हो ।

विडम्बना गण्डकीमा काङ्ग्रेस नेतृत्वको सरकारले सहमति विपरीत काम भएको समाचारले नेतृत्वलाई झस्काएको छ।दलहरूबीचको सहमति पालना गर्दा नै विकृति रोकिने र विश्वासको वातावरण बन्छ। यो नै अन्तिम अबसर हो भनै ठानेर एकलौटी निर्णय गर्दै जानू आफ्नै खुट्टामा बञ्चरो हान्नु हो । एमालेले गण्डकी प्रदेशमा नेपाली कांग्रेस नेतृत्वको सरकारलाई दीर्घकालीन निर्णय नलिन चेतावनी दिएको छ । संघीय तहमा नेकपा एमाले र नेपाली कांग्रेसले संयुक्त सरकार गठन गरिसकेको र त्यसैअनुरूप प्रदेशहरूमा पनि सरकार गठन-पुनर्गठन भइरहेका बेला एमालेसँगको सहमतिबिना दीर्घकालीन निर्णय नलिन भन्दै एमालेले गण्डकी प्रदेशको सरकारलाई सचेत गराएको छ ।

गण्डकीमा कांग्रेसका सुरेन्द्रराज पाण्डे मुख्यमन्त्री भएको बेला एमालेलाई सरकारमा चाँडो सहभागी बोलाउनु पर्ने हो । दुई तिहाइ बहुमतको सरकारले गर्ने निर्णयको प्रभाव कस्तो पर्छ भन्ने संघीय सरकारका निर्णबाट छर्लङ्ग हुन्छ ।कर्मचारी तन्त्र, निजी क्षेत्र ,दातृ निकाय र नागरिकमा दुई तिहाइ बहुमतको सरकारको ओज नै अर्कै हुन्छ।यस्तो अबसरलाई भुलेर अविश्वास पैदा गर्ने निर्णयमा पुग्नु राजनीतिक अपरिपक्वता हो।राज्य संचालनको अभाव हो । 'नेकपा एमाले र नेपाली कांग्रेसको सहमतिमा एमाले संसदीय दलका नेता केपी शर्मा ओलीको नेतृत्वलाई दुई तिहाई मतको विश्वास प्राप्त भई सरकारले कार्यारम्भ गरेको छ। केन्द्रीय राजनीतिमा भएको छलफल र सहमतिलाई कार्यान्वयन गर्न प्रदेशस्तरमा दलहरूबीच समन्वय भई प्रदेशका सरकारहरू गठन-पुनर्गठन पनि भइरहेका छन्,।

गण्डकी एमालेका सचिव धनञ्जय दवाडीले एक विज्ञप्ति जारी गरेर गण्डकी प्रदेशको सरकारमा नेकपा एमालेको संलग्नता नभई दीर्घकालीन असर पुग्ने निर्णय गरिएकोमा नेकपा एमाले गण्डकी प्रदेश कमिटीको गम्भीर ध्यानाकर्षण भएको जनाएका छन। दुई दलका बीचमा छलफल, समन्वय र सहकार्यका आधारमा मात्रै आगामी दिनमा सरकार सञ्चालित हुने हुँदा सहमतिविपरीत दीर्घकालीन असर पर्ने निर्णय नलिन गण्डकी प्रदेश सरकारलाई नेकपा एमाले आग्रह गरेको छ। प्रदेशहरुमा देखिएका विकृति र साना दलले हैसियत भन्दा बढीको वार्गेनिङ गर्ने काम रोक्न गरिएको काङ्ग्रेस र एमालेले गरेको सहमति कार्यान्वयन गर्न नचाहनु फोहोरको डुङ्गुरमा पर्नु हो ।

# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाब | तुला | : स्वास्थ्यमा सुधार |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : शत्रुको भय | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : झमेला बढ्ने | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : शुभ यात्रा | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# नेपाली उत्पादनलाई जोड दिँदै पोखरामा राष्ट्रिय पोशाक घर

**पोखरापत्र संवाददाता**
पोखरा, १६ साउन



नेपाली उत्पादनलाई जोड दिँदै पोखरामा राष्ट्रिय पोशाक घर खुलेको छ । बिगत ७ वर्षदेखि काठमाडौंको बानेश्वरमा सञ्चालनमा रहेको राष्ट्रिय पोशाक घरलाई पोखरा र आसपासका जिल्लालाई केन्द्रमा राखेर पोखरामा बिस्तार भएको हो ।

पोखरा न्युरोडमा खुलेको पोशाक घर बुधबार पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष पवन प्रजापति, ख्यातिप्राप्त गायक प्रकाशलगायतले उद्घाटन गरेका छन् । दौरासुरुवाल, टोपीलगायत सटिङसुटिङमा स्थानीय उत्पादनबाट बनेका नेपाली पोशाकलाई जोड दिँदै पोखरामा पोशाक घर स्थापना गरिएको हो । ढाका टोपी, दौरासुरुवाल, राष्ट्रिय पोशाक दिवस मनाउने अभियानकै क्रममा काठमाडौंको बानेश्वरमा खोलेको पोशाक घरलाई इजी ग्रुपले पोखरामा भित्राएको छ। पोखरालाई आधार क्षेत्र बनाएर नेपाली उत्पादन र स्थानीय कच्चा पदार्थको प्रयोगमा जोड दिँदै पोखरामा शाखा खोलिएको राष्ट्रिय पोशाक घरका श्याम बजगाईंले जानकारी दिए। पोखराका विभिन्न सरकारी कार्यालयदेखि अस्पताल होटल, मललगायत विभिन्न कम्पनीमा १ हजाभन्दा बढी कामदार उपलब्ध गराएको कम्पनी हो, इजी ग्रुप ।

इजी ग्रुपले होटल, सरकारी संघ, संस्था एनजिओ, आइएनजिओलाई आवश्यक कर्मचारीको मागलाई परिपूर्ती गर्ने ग्रुपका संस्थापक रामप्रसाद कडेंलले जानकारी दिए । इजी ग्रुपले विभिन्न क्षेत्रमा लगानी र अवसरको सिर्जना गर्दै आइरहेको छ । यो ग्रुप अन्तर्गत अहिले लेकसाइडमा चौतारी बुटिक होटल सञ्चालनमा छ । गोर्खा ल्याण्ड सेक्युरिटीमार्फत विभिन्न कम्पनीमा सेक्युरिटी गार्ड उपलब्ध गराउने गरेको छ। इजी हस्पिटालिटी सपमार्फत नेपाली हर्बल प्रोडक्टहरुको बिक्री गर्ने गरेको छ भने चौतारी इन्टर नेसनल प्रालिमार्फत डाइपर, प्याडजस्ता विभिन्न सामाग्री विक्री गर्ने गरेको छ । इजी ट्रेडिङका नाममा सरसफाइका सामानहरुको विक्री भइरहेको कडेंलले बताए । इजी ग्रुपले पोखरामा ५० करोड रुपैयाँभन्दा बढी विभिन्न क्षेत्रका व्यवसायमा लगाइरहेको छ । त्यही इजी ग्रुपले पोखरामा राष्ट्रिय पोशाक घर सञ्चालनमा ल्याएको हो । पोखरा उद्योग वाणिज्य संघका सदस्यसमेत रहेका इजी ग्रुपका कडेंल र पोशाक घरका बजगाईंको सहकार्यमा पोखराबाट राष्ट्रिय पोशाक र नेपाली उत्पादनलाई जोड दिँदै व्यवसाय थालेका छन् । पोशाक घरका पोशाकको गुणस्तरमा एकै रुपमा दिन काठमाडौंबाट दक्ष जनशक्ति उपलब्ध गराएर पोखरामा सेवा सुरु गरिएको कडेंलले बताए ।

तानबाट बुनिएका घरमा अल्लो, ओक्ता, ढाका, कोगटी, गाँजालगायतका पोशाकलाई जोड दिँदै पोखरामा शाखा खोलिएको उनको भनाइ छ । पोखरा उद्योग वाणिज्य संघका अध्या पवन प्रजापतिले उद्योग, व्यवसायी र सेवाका क्षेत्रमा इजी ग्रुपले नवीन काम गरिरहेको बताउँदै पोशाक घर पनि सफल हुने बताए। नाफामात्रै कमाउनेतिरभन्दा गुणस्तरीय सेवामा उनले जोड दिए ।

गायक प्रकाश सपुतले राम र श्याम मिलेर पोखरामा दिन थालेको सेवाले धेरै जनाको जीवन र संस्कृतिसँग जोड्ने बताए । देशमा केही छैन भन्ने ठूलो समूहले राम र श्यामको सहकार्य व्यावसायिक क्षेत्रमा नयाँ ढंगले सोच्न सन्देश दिएको सपुतको भनाइ थियो । १ करोड लगानीमा खुलेको पोशाक घर हजारौंको मन बस्ने सपुतको जोड थियो ।

# तनहुँमा एक वर्षमा सात सय ७१ उद्योग दर्ता

**पोखरापत्र संवाददाता**
दमौली, १६ साउन

आर्थिक वर्ष २०८०/८१ तनहुँमा सात सय ७१ उद्योग दर्ता भएका छन् ।

पर्यटन तथा उद्योग कार्यालयमा उद्योगतर्फ तीन सय ९८ र वाणिज्यतर्फ तीन सय ७३ उद्योग दर्ता भएका हुन् । सोही आवमा एक हजार एक सय ३७ उद्योग नवीकरण भएका छन् ।

उक्त कार्यालय प्रमुख दुर्गाराज सुवेदीका अनुसार सोही आवमा दुई सय ६२ उद्योग बन्द भएका छन् । त्यस अवधिमा वाणिज्यतर्फ आठ सय १७ नवीकरण र दुई सय ७० फार्म बन्द भएका हुन् । आव २०७९/८० मा जिल्लामा छ सय तीन उद्योग दर्ता भएका थिए । सो आवमा रु ५१ लाख २१ हजार आठ सय राजस्व सङ्कलन भएको छ। आव २०७९/८० मा रु ६६ लाख चार हजार एक सय ६५ राजस्व सङ्कलन भएको थियो ।

# बाढीले कुश्माका ४५ घर जोखिममा

**पोखरापत्र संवाददाता**
पर्वत, १६ साउन

गएराति आएको भीषण वर्षापछिको बाढीका कारण सदरमुकाम कुश्माका ४५ घर जोखिममा परेका छन ।

कुश्माबजारको जिरो किमी भन्दामाथि रहेको गजौटेखोलामा आएको गेग्र्यान सहितको बाढीले पुरिएपछि सिङ्गो बस्ती नै जोखिममा परेको हो । जिल्ला प्रहरी कार्यालयका अनुसार कुश्मा नगरपालिका-४ का वडाध्यक्ष दिनेश श्रेष्ठसहित गङ्गाराज परियार, वीरबहादुर परियार लगायतका १२ घरमा बाढी पसेर क्षति पुऱ्याएको हो भने अन्य घर जोखिममा परेका हुन् । समयमै घरका बासिन्दा सुरक्षित स्थानमा सरेका कारण मानवीय क्षति हुन नपाएको प्रहरी निरीक्षक भुवन बरामले जानकारी दिनुभयो । स्थानीय शिवलाल सार्कीका अनुसार जिरोकिमी, नारायणस्थान र दलित बस्तीका गरी ४५ भन्दा बढी घर जोखिममा परेका छन् । बाढीले हरेक घरका आँगन, पिँढी र कोठा ढुङ्गामाटोले पुरिएका छन् । तत्काल ढुङ्गामाटो नहटाउने हो भने फेरि पर्ने वर्षाले घर जुनसुकै बेला पनि भत्किने जोखिम बढेको सार्कीले बताउनुभयो । बाढीका कारण भू-तथा जलाधार व्यवस्थापन कार्यालय पनि उच्च जोखिममा परेको छ । लेदोसहितको बाढीले कार्यालयको प्राङ्गण पूरै पुरिएको छ भने घेराबार र सडकमा समेत क्षति पुगेको छ ।

कार्यालयमा जाने सडकसमेत गएरातिदेखि अवरुद्ध बनेको कार्यालयका लेखापाल गौरबदास बैरागीले जानकारी दिनुभयो । त्यसले गर्दा सेवाग्राही कार्यालयमा जान समस्या भएको छ । यसैगरी सोही खोलामा आएको बाढीले मध्यपहाडी लोकमार्ग समेत पुरिएको छ । गएराति ९ बजेदेखि अवरुद्ध बनेको सडक १२ बजे एकतर्फि खुलाइएको थियो । ठूलो मात्रामा थुप्रिएको ढुङ्गामाटो नपन्छाएसम्म दुईतर्फी सञ्चालन गर्न कठिनाइ भइरहको र अहिले एकतर्फी रूपमा सवारी साधन आवतजावत गरिरहेका जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख सीताराम ओझाले जानकारी दिनुभयो । कुश्मा-३ दुर्लुङ जाने सडक खनेपछि यो ठाउँ बाढीको जोखिममा पर्दै आएको हो । बर्सेनि बर्खायाममा बाढीले सताउने भए पनि दीर्घकालीन नियन्त्रणको योजना नबनाउँदा सिङ्गो बस्ती नै त्रसित बनेको छ । कुश्मा-४ का वडाध्यक्ष दिनेश श्रेष्ठले बाढीका कारण आफूसहित उक्त बस्तीका अधिकांस परिवार समस्यामा परेको बताउनुभयो । बाढीले जोखिम निम्तिएपछि रातभर बस्तीका बासिन्दा जाग्राम बसेका थिए । यो समस्या समाधानका लागि करोडौँ बजेट आवश्यक पर्ने श्रेष्ठले बताउनुभयो । नगरप्रमुख रामचन्द्र जोशीले बस्ती संरक्षणका लागि तत्काल योजना बनाएर काम गर्नुपर्ने अवस्था रहेको बताउनुभयो । उहाँले नगरपालिकाको बजेटले मात्र दिर्घकालीन समाधानको योजना बनाउन नसकिने भन्दै प्रदेश र सङ्घीय सरकारसँग बजेट माग गर्ने तयारीमा रहेको बताउनुभयो । उहाँका अनुसार जिरो किमिदेखि दलित बस्तीसम्मको खोला किनारलाई व्यवस्थित गर्दै बाढीको सहज निकासका लागि वैकिल्पक ठाउँ खोज्नुपर्ने बताउनुभयो ।

# आठ वर्षमा त्रिशूलीमा ५५ जना बेपत्ता

**पोखरापत्र संवाददाता**
चितवन, १६ साउन

नारायणगढ-मुग्लिन सडक र पृथ्वी राजमार्गको मुग्लिन-मौवाखोला सडकखण्डमा बितेका आठ वर्षमा २१ वटा सवारीसाधन त्रिशूली नदीमा खसेर ५५ जना बेपत्ता भएका छन् । पूर्वगृहमन्त्री एवं परराष्ट्रमन्त्री माधवप्रसाद घिमिरेलगायत ५५ जना बेपत्ता भएका हुन् ।

जिल्ला ट्राफिक प्रहरी कार्यालयका अनुसार आव २०७३/७४ मा पाँचवटा, २०७४/७५ मा चारवटा, २०७५/७६ मा चारवटा सवार ीसाधन बेपत्ता भएका हुन् । आव २०७६/७७ मा एउटा, २०७७/७८ मा एउटा, २०७९/८० मा एउटा र २०८०/८१ मा पाँचवटा सवार ीसाधन बेपत्ता भएका हुन् । बेपत्ता भएका सवारीसाधनमध्येबाट आव २०७३/७४ मा १४, २०७८/७९माचारर२०८०/८१ मा ३७ जना बेपत्ता भएका हुन् ।

उक्त अवधिमा सो सडकखण्डमा ६६ वटा सवारी साधन दुर्घटना भएका थिए । आव २०७३/७४ देखि आव २०८०/८१ सम्ममा ४० ट्रक, नौ बस, १२ कार, तीन मोटरसाइकल र दुईवटा अन्य सवारीसाधन दुर्घटनामा परेका हुन् ।

# एक हजार आठ सय १५ धारा जडान

**पोखरापत्र संवाददाता**
बागलुङ, १६ साउन

नेपाल स्वास्थ्यका लागि पानी (नेवा)ले उपभोक्ता र स्थानीय सरकारसँगको सहकार्यमा जिल्लाका विभिन्न भागमा एक हजार आठ सय १५ धारा जडान गरेको छ । दुई वर्षको अवधिमा उक्त संस्थाले ती धारा जडान गरेको हो ।

खानेपानीको अभाव झेलिरहेका ढोरपाटन नगरपालिका, निसीखोला, बडिगाड, तमानखोला गाउँपालिकाका साथै बागलुङ नगरपालिका, जैमिनी नगरपालिकाका बासिन्दालाई स्वच्छ पेयजलको व्यवस्था उक्त संस्थाले गरेको हो । नेवाले ग्रामीण भेग र सहरी क्षेत्रमा एक घर एक धारा जडानलाई तीव्रगतिमा अघि बढाएको छ । नेवाको सहयोगमा १९ हजार एक सय १८ जनाले शुद्ध खानेपानी सुविधा पाएका छन् । आर्थिक वर्ष २०७९/०८० मा नेवाले जिल्लाको निसीखोला, तमानखोला, बडिगाड, ताराखोला, ढोरपाटन नगरपालिका, बागलुङ नगरपालिका जैमिनी नगरपालिकाको ३० स्थानमा आयोजना सञ्चालन गरेको थियो । तीस वटा आयोजना सम्पन्न गर्न नेवाले रु छ करोड २० लाख पाँच हजार सात सय २५, पालिकाहरूको रु एक करोड ६४ लाख ९५ हजार नौ सय १४, उपभोक्ताबाट रु ३४ लाख ८३ हजार पाँच सय १२ र रु दुई करोड पाँच लाख १२ हजार तीन सय १२ बराबरको श्रमदान भएको थियो ।

# बाङ खोलाको बाढीले तीन पुल बगायो

**पोखरापत्र संवाददाता**
म्याग्दी, १६ साउन

म्याग्दीको धवलागिरि गाउँपालिका-३ मुनामा बाढीले तीन पुल बगाएको छ ।

वर्षाका कारण गाउँपालिकाको केन्द्र रहेको मुना स्थित बाङ खोलामा आएको बाढीले एउटा झोलुङ्गेसहित तीन पुल बगाएको स्थानीय बुद्धिमान शेरपुञ्जाले जानकारी दिनुभयो । अत्यधिक वर्षापछि खोला थुनिएको थियो । झोलुङ्गे पुल बगाएपछि मुनादेखि लुलाङ जाने बाटो पूर्णरूपमा अवरुद्ध भएको छ । बाढीले दरखोला लघुजलविद्युत् आयोजनाको आठवटा पाइपसमेत बगाएको छ । यस्तै मुनाकै घट्टेखोलामा आएको बाढीले स्थानीय रेशम भण्डारी र धनबहादुर पाण्डेको घरमा क्षति पुऱ्याएको धवलागिरि-३ मुनाका वडाध्यक्ष देविन्द्र रोकाले जानकारी दिनुभयो ।

# देशभर दुई हजारभन्दा बढीमा डेङ्गु सङ्क्रमण

**रासस**
काठमाडौं, १६ साउन

देशभर दुई हजारभन्दा बढीमा डेङ्गु रोगको सङ्क्रमण देखिएको छ ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका किटजन्य रोग शाखाका प्रमुख डा गोकर्णप्रसाद दाहालले ७३ जिल्लाका दुई हजार ६१ जनामा सङ्क्रमण देखिएको जानकारी दिनुभयो । मन्त्रालयले यसवर्ष सरदरभन्दा बढी वर्षा हुने आँकलन गरिएको हुँदा मनसुनसँगै लामखुट्टेको प्रजननका लागि अनुकूल अवस्था बन्न सक्ने र डेङ्गु रोगको सङ्क्रमण थप बढ्न सक्ने अनुमान गरेको उहाँले बताउनुभयो ।

मुस्ताङ, डोल्पा, जुम्ला र हुम्लाबाहेक सबै जिल्लामा डेङ्गुको सङ्क्रमण फैलिएको जनाइएको छ । सबैभन्दा बढी काठमाडौँमा दुई सय ४९ जनामा डेङ्गु देखिएको छ । यस्तै झापामा एक सय ३० र चितवनमा एक सय पाँच जनामा सङ्क्रमण देखिएको छ ।

**माइग्रेसन सर्टिफिकेट हराएको सूचना**

**म पुकार चम्लागाईको विर अमरसिंह मा.वि.को माइग्रेसन सर्टिफिकेट हराएको हुँदा भेट्टाउने महानुभावले नजिकको प्रहरी कार्यालय अथवा तलको नम्बरमा सम्पर्क गरिदिनुहोला ।**
Name: Pukar Chamlagain
Registration No: 781040980026
Symbol No : 20411311
Transcript No: 0838609
Date of Birth: 2062-02-26
**ठेगाना: अर्घौचोक–२७**
**सम्पर्क नं. :** 9806012195

# भोटमा नुन बोक्दाका कथाव्यथाको साक्षी हो गुरुङ सम्पदा पदमार्ग

**वासुदेव पौडेल**
गण्डकी, १६ साउन

पोखरालाई पर्यटन राजधानी घोषणा गरेसँगै बृहत् पोखराको अवधारणासहित पोखरा आसपासका पर्यटकीय गन्तव्यको प्रवर्द्धन र विकास हुनुपर्ने विषय उठिरहेको अवस्थामा कास्कीको मादी गाउँपालिकाको ताङतिङदेखि मनाङको तिमाङ जोडिने गुरुङ सम्पदा पदमार्ग घोषणा भएको छ।

सडक सञ्जालको विकाससँगै पर्यटकीय पदमार्ग हराउने र छोटिने क्रम बढिरहेका अवस्थामा गुरुङ पर्यटन व्यवसायी सङ्घ, गण्डकी प्रदेशको संयोजन एवम् नेपाल पर्यटन बोर्डको प्रवर्द्धन र कास्कीको मादी गाउँपालिका, लमजुङको क्होलासोथर र मर्स्याङ्दी गाउँपालिकाका साथै मनाङको चामे गाउँपालिकाको सहयोगमा स्थलगत अध्ययन अनुसन्धानपछि पदमार्गको औपचारिक रूपमा घोषणा गरिएको हो। पदमार्गको अध्ययन एवम् अनुसन्धानका लागि गुरुङ पर्यटन व्यवसायी सङ्घ, नेपाल गण्डकी प्रदेशको आयोजनामा यही जेठ २१ देखि ३० गतेसम्म उक्त पदमार्गको खोज तथा अनुसन्धान कार्य सम्पन्न गरिएको सङ्घका अध्यक्ष किसमकुमारी गुरुङले जानकारी दिनुभयो। "हामीले पदमार्ग योजनामा काम गरिरहेका इन्जिनियर, अन्वेषक, जिपिएस एक्सपर्ट सञ्चारकर्मी, सङ्घका पदाधिकारी, पर्यटक पथप्रदर्शक तथा सहयोगीसहित ३७ जनाको समूहले यस पदमार्गको स्थलगत रूपमा नै खोज तथा अनुसन्धान गरेका हौँ", उहाँले भन्नुभयो। अध्ययनले यो पदमार्ग सफल हुने सम्भावना उच्च रहेको निष्कर्ष निकालेको उल्लेख गर्दै उहाँले यस पदमार्गमा गर्नुपर्ने सुधार तथा निर्माण कार्यहरूको विस्तृत परियोजना प्रतिवेदन पनि तयार पारिएको बताउनुभयो।

उहाँका अनुसार प्रकृति, संस्कृति र इतिहासको सङ्गमका रूपमा रहेको यो पदमार्ग पदयात्रामा जाने जो कोहीलाई पनि मोहित बनाउन सक्नेछ। यहाँको ऐतिहासिक तथा पुरातात्विक महत्वलाई असर नपर्ने गरी प्राकृतिक सुन्दरता र जैविक विविधतालाई हानी नपुग्ने गरी यस पटकीय पदमार्गको विकास र प्रवर्द्धन गर्नुपर्ने सङ्घको जोड रहेको उहाँले बताउनुभयो।

यस पदमार्गले दुईवटा ऐतिहासिक विरासतलाई बोकेको सङ्घका संस्थापक अध्यक्ष बोरबजङ्ग गुरुङ बताउनुहुन्छ। यसै पदमार्गको बाटो भएर गण्डकी प्रदेशको एक प्रमुख आदिवासी समुदाय तमु (गुरुङ) का पुर्खाहरू अहिलेका बस्तीहरूमा फैलिएको भनाइ रहेको उहाँले बताउनुभयो। "गुरुङ समुदायको प्ये ल्हु ताँ मा मात्रै नभई क्होलासौँथरमा विभिन्न चरणमा स्वदेशी, विदेशी विशेषज्ञहरूले गरेको पुरातात्विक अध्ययनले पनि यहाँको ऐतिहासिकता पुष्टि गरेको छ", उहाँले भन्नुभयो। क्होलासौँथरको पुरातात्विक महत्वका भग्नावशेषहरूको संरक्षण गरेर पर्यटकीय क्षेत्रका रूपमा विकास गर्न सकेमा स्वदेशी तथा विदेशी पर्यटकलाई आकर्षण गर्न सकिने उहाँको भनाइ छ। दोस्रो ऐतिहासिक विरासतका रूपमा कास्की र लमजुङका गाउँहरूमा अझै पनि मनाङ भोटको नुन बोक्दाका कथा व्यथा सुन्न पाइने उहाँले बताउनुभयो। "अहिले खोज गरिएको यो पदमार्ग नै तत्कालीन समयको नुनको व्यापारिक बाटो भएको उजागर भएको छ", उहाँले भन्नुभयो, "वर्तमानमा पनि पदमार्गमा भेटिने बिसौनी तथा चौतारीहरू नुनको व्यापारिक मार्गको जीवन्त साक्षी बनेका छन्।"

खोज तथा अनुसन्धानका क्रममा एउटा मूल पदमार्गसहित एक दर्जनभन्दा बढी आवश्यकता र चाहनाअनुसार सञ्चालनमा ल्याउन सकिने सहायक पदमार्गहरू पहिचान गरिएको उहाँले बताउनुभयो। यी पदमार्गहरूमा पर्यटकले पाँचदेखि १० दिनसम्म बिताउन सक्ने उहाँको भनाइ छ। पोखराबाट मादी गाउँपालिकाको पर्यटकीय गाउँ ताङतिङ हुँदै ऋपु डाँडा, तप्रो, क्होलोसौँथर, ठूलेक, थुर्जु, दूधपोखरी, गुरुङ देउराली (नामुन पास) डाँफेखर्क हुँदै मनाङको चामे गाउँ पालिकाको तिमाङसम्म पुग्न सकिने गरी पदमार्गको पहिचान गरिएको हो। यही पदमार्गमा कास्कीका सिक्लेस, याङ्जाकोट, नागिधार, थाकलगायत गाउँका साथै लमजुङको घलेगाउँ, घनपोखरा, भुजुङ, सिङ्दी, पसगाउँ, गिलुङ, घाम्राड, टक्सार, सिउरुङलगायत गाउँहरूबाट सुरु गरेर यिनैमध्येका विभिन्न गाउँमा आवश्यकता र चाहनाअनुसार छोटो तथा लामो दूरीका पदमार्गलाई प्रयोगमा ल्याउन सकिने उहाँले बताउनुभयो।

**एक हजार ६ सय मिटरदेखि चार हजार नौ सय १० मिटर उचाइमा पदमार्ग**

भौगोलिक अवस्थितिका दृष्टिले यो पदमार्ग समुद्री सतहबाट एक हजार ६ सय मिटर उचाइको ताङतिङदेखि सुरु भई पदयात्राको उच्चविन्दु चार हजार नौ सय १० मिटर उचाइको गुरुङ देउराली (नामुन भञ्ज्याङ) सम्म रहेको छ। ताङतिङदेखि पछि पदयात्रीहरूको बास तीन हजारभन्दा माथिको उचाइमा हुन्छ। ताङतिङबाट माथि गइसकेपछि तीन हजार मिटर उचाइको कर्पुडाँडादेखि पदयात्रीहरूले धेरै उकालो र ओरालो नगरी तिमाङसम्म पुग्ने संस्थापक अध्यक्ष गुरुङले बताउनुभयो। पदमार्ग क्षेत्रमा नै पर्ने चार हजार पाँच सय ८५ मिटर उचाइको धार्मिक महत्वको दूधपोखरी यहाँको विशिष्ट धार्मिक गन्तव्य पनि हो। यहाँको दर्शन गरेमा मनले चिताएको पुग्ने विश्वासका कारण यसको महत्व अझै चुलिएको छ। प्रशस्त खोला तथा मनोरम पोखरीसँगै ठूलाठूला खर्क र पाटनहरू रहेको पदमार्गबाट अन्नपूर्ण, माछापुच्छ्रे, लमजुङ, हिमलुङ, गणेश, हिमालचुली, मनास्लुजस्ता हिमशृङ्खलालाई नजिकैबाट अवलोकन गर्न सकिनु यहाँको विशिष्टता हो।

प्रकृतिसँगै संस्कृतिलाई पनि जोड्ने यस पदमार्गको प्रवेश गर्नेदेखि पदयात्रा समाप्त गर्ने स्थानमा गुरुङ गाउँ पर्दछन्। ती गाउँहरूमा घरवास सञ्चालनमा रहेका छन्भने घाँटु, सोरठी, कृष्ण चरित्र, आमा समूहका नाच प्रचलनमा रहेका छन्। साथै गुरुङ समुदायको गाउँ, बसोबास तथा रहनसहन पनि यहाँका पर्यटकीय आकर्षण हुन्। प्राचीन नुन व्यापारको मार्ग, क्होलासौँथरको ऐतिहासिकतासँगै तत्कालीन समयमा धर्मशाला र बिसौनीका भग्नावशेषले यहाँको प्राचीन गरिमा र महत्वलाई अझै उजागर गरेका छन्। त्यस्तै, कास्की, लमजुङ मनाङका भेडा, गाई, भैंसी तथा चौंरीको गोठ बस्ने खर्क, गोठाले जीवनको रहनसहनलाई पनि प्रत्यक्ष देख्न र अनुभव लिन पाइन्छ।

**जैविक विविधताले सम्पन्न**

यो पदमार्ग जैविक विविधताको अध्ययन अवलोकन गर्न चाहनेका लागि पनि उत्तिकै महत्वपूर्ण छ। पहाडी, उच्च पहाडी र हिमाली क्षेत्रको हावापानीमा पाइने औषधीजन्य वनस्पति, जीवजन्तु र चराचुरुङ्गीले पनि यहाँको महत्व अझै बढाएको छ। यस पदमार्गमा यार्सागुम्बा, जटामसी, सतुवा, पाँच औंले, वन लसुनजस्ता धेरै प्रजातिका जडीबुटी पाइन्छ भने ठाउँठाउँमा हावापानी अनुसारका लालीगुराँस तथा विभिन्न लेकाली फूलहरू प्रत्यक्ष अवलोकन गर्दै हिँड्न सकिन्छ। डाँफे, मुनाललगायत चराचुरुङ्गीको चिरविराहट सुन्दै पदयात्रा गर्न पाइनुले यहाँको महत्वलाई अझै बढाएको छ। यस पदमार्गमा पदयात्रासँगै कर्पुडाँडामा प्याराग्लाइडिङ, ठूलेकमा स्की खेलका साथै यससँग जोडिएका छ हजार मिटरभन्दा कम उचाइका हिमालहरूमा आरोहण तालिम समेत सञ्चालन गर्न सकिने संस्थापक अध्यक्ष गुरुङले बताउनुभयो। गुरुङ पर्यटन व्यवसायी सङ्घ, गण्डकी प्रदेशले स्थलगत रूपमा गरेको खोज तथा अनुसन्धानसँगै तीनवटै तहका सरकार एवम् पर्यटनसम्बद्ध क्षेत्रका लागि यस पदमार्गको प्रवर्द्धन र विकासका लागि केही सुझावहरू समेत प्रस्तुत गरेको सङ्घका महासचिव तुल गुरुङले बताउनुभयो। उहाँका अनुसार पदमार्गमा ऐतिहासिक तथा पुरातात्विक महत्वका क्षेत्रहरूको रहेको तथा जैविक विविधताको भरिपूर्ण रहेकाले ती ऐतिहासिक तथा प्राकृतिक सम्पदाहरूमा पर्न सक्ने नकारात्मक असरहरूलाई दृष्टिगत गरी विस्तृत गुरुयोजना बनाएर त्यसै अनुसार पदमार्गको विकास तथा प्रवर्द्धन गर्नुपर्ने सिफारिस गरिएको छ।

तीनवटै तहका सरकारले यस पदमार्गमा भविष्यमा सडक सञ्जालको विस्तार नगरी पदमार्गकै रूपमा विकास गर्नुपर्ने उहाँले बताउनुभयो। पदमार्गको केही स्थानमा बाटो मर्मत गर्नुपर्ने, केही खोलामा झुलुङ्गे पुल हाल्नु पर्ने, केही स्थानका बाटोमा रेलिङ हाल्नुपर्ने उल्लेख गर्दै सङ्घले यसतर्फ यथाशीघ्र स्रोतको व्यवस्थापन गर्नुपर्ने र पदमार्गमा होटलहरूको व्यवस्था नभएको कारण हावापानी र स्थानीय संस्कृति अनुरुपका सेल्टर हाउस बनाउनुपर्ने सुझाइएको छ। त्यस्तै, पदमार्गको सूचनापाटी कतिपय बिग्रिए भत्किएको अवस्थामा रहेको तथा कतिपयमा गलत सूचना समेत रहेको भेटिएको हुँदा सूचना पाटीहरू, पथप्रदर्शन गर्ने पोललाई मर्मत तथा नयाँ स्थापना गर्नुपर्ने भनिएको छ। जलवायु परिवर्तनलगायत विभिन्न कारणले गर्दा पानीका मुहान सुक्ने तथा भएको मूल पनि सानो भएको हुँदा ती मुलको संरक्षण तथा आवश्यक स्थानमा पानीको स्थायी व्यवस्था गर्नुपर्ने, पदमार्गमा रहेका क्होलासौँथरलगायत पुरातात्विक महत्वका क्षेत्रको उत्खनन र संरक्षणका लागि विशेष ध्यान दिइनुपर्ने सङ्घले सुझाव दिएको छ।

पदमार्ग क्षेत्रका पुरातात्विक वस्तुको सुरक्षाका लागि विशेष पहल गरिनुपर्ने, पदमार्गको प्रवेशविन्दुका रूपमा रहेका गाउँमा रहेको सांस्कृतिक अवयवहरू लोप हुने अवस्थामा रहेको हुनले तिनीहरूको संरक्षण र पुनःस्थापनाका लागि विशेष पहल गर्नुपर्ने, भिर मौरीको मह काढ्ने, राडीपाखी बुन्ने तथा पशुपालनलायत परम्परागत पेसा र जनजीवनलाई पर्यटकीय गतिविधिसँग जोडेर विकास गर्नका लागि पहल थाल्नुपर्ने सुझावमा उल्लेख छ। पदमार्गमा पशुचौपाया हिँडेमा त्यसले पदमार्गलाई चाँडो बिगार्ने भएकाले पशुचौपायाका लागि छुट्टै बाटोको व्यवस्था गर्नुपर्ने भनिएको छ। गुरुङ सम्पदा पदमार्ग पदयात्रा पर्यटनमा महत्वपूर्ण सम्भावना रहेको नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख नवीन पोखरेल बताउनुहुन्छ। "पदमार्गको खोज र अन्वेषणको सुरुआतमा पनि बोर्डले प्रवर्द्धनका लागि सहयोग गरेको हो", उहाँले भन्नुभयो, "यसको प्रवर्द्धन र विकासका लागि आगामी दिनमा पनि पर्यटन सम्बद्ध सङ्घसंस्थाको सहकार्यमा हामीले अघि बढाउँछौँ।" स्थानीय संस्कृति र सम्पदाको संरक्षणका लागि प्रथमतः स्थानीयको नै जागरुकता आवश्यक रहेको उहाँको भनाइ छ।



चर्दै गरेका भेडाः
म्याग्दीको रघुगङ्गा गाउँपालिका-२ रुइसेस्थित रिवाङचौरको चरनक्षेत्रमा चर्दै गरेका भेडाहरु। यस क्षेत्रमा व्यवसायिक भेडापालन हुने गरेको छ। तस्बिर : कमल खत्री / रासस

# श्रीमदवीतक चर्चामा भक्तजनको भीडसंगै सहयोग आउन शुरु

**पोखरापत्र संवाददाता**
पोखरा, १६ साउन



पोखराको रत्नचोक स्थित श्रीकृष्ण प्रणामी मन्दिरमा जारी श्रीमदवीतक चर्चा एवं श्रीकृष्ण कथा प्रवचनमा भक्तजनको उल्लेख्य सहभागीता जनाएका छन।

भदौ १० गते श्रीकृष्ण अष्टमी सम्म सञ्चालन हुने उक्त कार्यक्रमको सातौ दिन सम्म आइपुग्दा भक्तजनहरुको उल्लेख्य सहभागीता रहेको श्रीकृष्ण प्रणामी सेवा समितिका अध्यक्ष मोहन प्रसाद ढकालले जानकारी दिए। ढकालका अनुसार श्रीमदवीतक चर्चा एवं श्रीकृष्ण कथा प्रवचन सातौ दिन सम्म आइपुग्दा भक्तजनको सहभागीता संगै कार्यक्रमलाई सफल बनाउनका लागी सहयोग रकम समेत आउने क्रम शुरु भएको छ। सातौ दिन बुधबार श्रीकृष्ण प्रणामी सेवा समितिका केन्द्रीय उपाध्यक्ष कल्याण कार्की र केन्द्रीय सदस्य बद्री प्रसाद ओलीको उपस्थिती रहेको समेत अध्यक्ष ढकालले जानकारी दिए। सातौ दिनमा उपस्थित अतिथिहरु केन्द्रीय उपाध्यक्ष कल्याण कार्कीले ५ हजार ५ सय ५५ र केन्द्रीय सदस्य बद्री प्रसाद ओलीले ५१ हजार नगद सहयोग प्रदान गरेको कार्यक्रमका अर्थ संयोजक टेकनाथ पराजुलीले जानकारी दिए। पराजुलीका अनुसार कार्यक्रम सफल बनाउन आफ्नो संयोजकत्वमा भागरथी बराल र इन्दीरा सापकोटाको टोलीले सहयोग गरिरहेका छन।

कार्यक्रममा हाल सम्म पोखरा महानगरपालिकाका वडा नं ७ का अध्यक्ष राममोहन आचार्य सहित वडा सदस्यहरु, श्रीकृष्ण प्रणामी सेवा समितिका केन्द्रीय सदस्य केदारनाथ अधिकारी, महिला बिकासका लागि आमा समुहका अध्यक्ष तुलसी बराल, जानुका चालिसे, गंगा क्षेत्री, तिलुकुमारी पुरी, कृष्ण, लक्ष्मी पुरी, रोशन बन्जरा, भोला गिरी, जमुना पुरी, गंगा पुरी, जिल्ला उपाध्यक्ष विष्णु पहाडी, तारा गिरी, विष्णु सिग्देल लगायतको उपस्थिती जनाएको जिल्ला सचिव लक्ष्मण बरालले जानकारी दिए। एक महिने श्रीमदवीतक चर्चा एवं श्रीकृष्ण कथा प्रवचनमा श्रीकृष्ण प्रणामी धर्मका धर्म प्रचारक तुलसी स्वरुप महाराज र लिलाम्बर सापकोटाले उपबाचकको रुपमा प्रवचन प्रदान गरिरहेका छनभने भजन संगीतमा संगीतकार बालकृष्ण आचार्य र तवेलामा सुजन बन्जराले साथ दिइरहेका छन। हरेक दिन ११ बजे देखी २ बजे सम्म श्रीमदवीतक चर्चा एवं श्रीकृष्ण कथा प्रवचन हुने श्रीकृष्ण प्रणामी सेवा समितिका अध्यक्ष मोहन प्रसाद ढकालले जानकारी दिए।

# पन्ध्र दिनपछि उठ्यो दमौलीको फोहर

**पोखरापत्र संवाददाता**
दमौली, १६ साउन

तनहुँ सदरमुकाम दमौलीमा १५ दिनपछि नकुहिने फोहर उठेको छ। साउन १ गतेदेखि नउठेको फोहर नगरपालिकाले मङ्गलबार उठाएको हो। नकुहिने फोहर उठ्न नसक्दा दमौली बजार क्षेत्रका चोक-चोकमा फोहरका थुप्रो भएको थियो।

व्यास नगरपालिका-३ का वडाध्यक्ष अनुप रानाले दमौली बजारबाट उठाइएको फोहर सोही वडाको भतेरीमा बाटो पुर्नका लागि लगिएको जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "भतेरीमा फोहर विसर्जन गर्न लागिएको होइन, त्यहाँ माटोले मात्र पुर्न नपुग्ने भएकाले प्लास्टिकजन्य फोहरसमेत त्यहाँ लगेर पुर्ने र बाटो सम्याउने काम गरिनेछ।" तारजाली मात्रै हुँदा मादी नदीको पानीले कटान गर्नसक्ने भएकाले फोहर र माटो हालेर पुरेर बलियो बनाउन लागिएको रानाको भनाइ छ। उहाँले भन्नुभयो, "१०/१५ दिनका लागि बजार क्षेत्रका फोहर भतेरीमा लगेर ठाउँ सम्याउन प्रयोग गरिनेछ, त्यसो गर्दा यहाँ करिब २० मिटरको बाटो बनाउन सकिनेछ।"

फोहर फाल्ने ठाउँको अभावमा नगरपालिकाले नकुहिने फोहर उठाउन सकेको थिएन। नगरपालिकाले कार्यालय परिसरभित्रै फोहर व्यवस्थापनको तयारीसमेत गरेको छ। व्यास-३ भतेरीमा नकुहिने फोहर बिसर्जन हुँदै आएकामा असार मसान्तबाट म्याद सकिएर स्थानीयले अवरोध गरेपछि यही साउन १ गतेदेखि दमौली बजारको वडा नम्बर २, ३ र ४ बाट नकुहिने फोहर सङ्कलन हुन सकेको थिएन।

हाल कुहिने नकुहिने फोहर सङ्कलनलाई स्रोतबाटै वर्गीकरण गरिएकामा नकुहिने पुनः प्रयोगमा आउने सामग्री व्यवस्थापन गर्ने जग्गा खरिद प्रक्रिया चलिरहेकाले सोको टुङ्गो नलागेसम्म वा अर्को व्यवस्था नभएसम्म नगरपालिका कार्यालय प्राङ्गणभित्रै फोहर व्यवस्थापनको तयारी गरिएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत काशीराम गैरेले जानकारी दिनुभयो। उहाँका अनुसार कुहिने फोहर भने दैनिक रूपमा सङ्कलन भइरहेको छ। स्थापनाको ३१ वर्षसम्म पनि नगरपालिकाले फोहरमैला केन्द्र निर्माण गर्न सकेको छैन। नगरपालिकाले व्यास-१३ मा जग्गा खरिद गर्ने कानुनी प्रक्रिया अगाडि बढाएको छ। नगरपालिकाले फोहरलाई सानो आकारमा राख्ने कम्प्रेशन मेसिन खरिद गर्ने र सरसफाइका पाँच गाडीमा जिपिएस जडान गर्ने प्रक्रिया अगाडि बढाउन सहमति प्रदान गरिसकेको छ। सदरमुकाममा अवस्थित नगरपालिकाले पूर्वाधार निर्माण, स्वास्थ्य, शिक्षामा केही प्रगति गरेपनि फोहरमैला व्यवस्थापनमा भने प्रगति गर्न सकिरहेको छैन। नगरपालिकामा स्थापनाकालदेखिको मुख्य समस्याका रूपमा रहेको फोहरमैला व्यवस्थापन सधैंको समस्या बन्ने गरेको छ। फोहरमैला व्यवस्थापनका लागि नगरपालिकाले सधैं समस्या भोग्दै आएको छ। कहिले भतेरीमा, कहिले चारकुने र कहिले सोढैंमा फोहर फाल्दै आएको नगरपालिकाले पछिल्लो पटक अस्थायी समयका लागि पुनः भतेरीमा फोहर विसर्जन गर्दै आएको थियो। यसअघि नगरपालिकाले व्यास-१० स्थित मङ्गलीगैह्रामा सरसफाइ केन्द्र बनाउने तयारी गरेको थियो। त्यहाँ स्थानीयले विरोध गरेपछि नगरपालिका त्यसबाट पछि हटेको थियो। नगरपालिकाले बजार क्षेत्रका वडा नं २, ३ र ४ बाट दैनिकरूपमा फोहर सङ्कलन गर्दै आएको छ। नगरपालिकाका बजार क्षेत्रबाट दैनिक ११ टन फोहर सङ्कलन हुने गरेको छ। प्रमुख प्रशासकीय अधिकृत गैरेका अनुसार नगरपालिकाको बजार क्षेत्रबाट सङ्कलित कुहिने फोहर व्यास-१० दुम्सीमा मल उत्पादनमा प्रयोग गर्ने गरिएको छ।

# एक सय ४१ हेक्टर जमिनमा सिँचाइ सुविधा

**पोखरापत्र संवाददाता**
पर्वत, १६ साउन

जिल्लाको एक सय ४१ हेक्टरमा सिँचाइ सुविधा थप भएको छ। यहाँ सञ्चालित ११ वटा विभिन्न सिँचाइका योजना सम्पन्न भएसँगै स्थानीय किसानको सिँचाइमा पहुँच बढेको हो।

जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयका अनुसार जलजला गाउँपालिका-८ मा तल्लो कुलो, उपल्लो कुलो, डिलकुलो सिँचाइ योजना, मोदी गाउँपालिका-८ को साजखोला ठूलीब्याड सिँचाइ योजना, कुश्मा नगरपालिका-१२ को अर्जिकोटखोला ब्याड सिँचाइ योजना, महाशिला-३ को अँधेरीखोला, घोप्टेचौर, निगालीडाँडा सिँचाइ योजना सम्पन्न भएका हुन्। त्यसैगरी मोदी-१ मा भुकताङ्ले सिँचाइ योजना, जलजला-७ मा लुङ्दीखोला-भेडावारी-दुलेपानी सिँचाइ योजना र फलेवासस्थित नमूना पोखरी सिँचाइ योजना, लिफ्ट सिँचाइलगायत योजना सम्पन्न भएका उक्त कार्यालयले जनाएको छ। उक्त कार्यालयका अनुसार सिँचाइ सुविधा विस्तार गरिएको क्षेत्रफलमध्ये १० हेक्टरमा डिप ट्यूबेल आयोजना कार्यान्वयन भएको हो। अब पर्वतमा सिँचाइ सुविधा पुगेको क्षेत्रफल छ हजार तीन सय हेक्टर पुगेको छ। चार हजार पाँच सय ७९ हेक्टरमा मौसमी र बाह्रै महिना सिँचाइ हुने क्षेत्रफल एक हजार छ सय ९४ हेक्टर छ। यसबाहेक गत आर्थिक वर्ष २०८०/८१ मा किसानका साना कुलो सुधार तथा पुनःस्थापनाबाट एक सय २८ हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा विस्तार गरिएको छ।

गत आवमा उक्त कार्यालयमार्फत सञ्चालित प्रदेश मातहतका ८३ वटा योजना र सङ्घीय सरकारअन्तर्गतका २६ वटा योजना गरी एक सय नौ योजना थिए। चालु आवका लागि पनि चार ठूला योजनालाई स्रोत सुनिश्चित भएको छ।

चालु आवमा सम्पन्न हुनुपर्ने ती योजनाबाट थप ८८ हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुग्ने कार्यालय प्रमुख विष्णुहरि अधिकारीले जानकारी दिनुभयो। गण्डकी प्रदेश मातहतको उक्त कार्यालयलाई आव २०८०/८१ मा पुँजीगततर्फ रु १८ करोड ७४ लाख ५० हजार बजेट प्राप्त भएकामा रु १७ करोड ४२ लाख ८६ हजार नौ सय खर्च भएको छ।